मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

एनपिएललाई आइसिसीको मान्यता

काठमाडौं। अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणलाई मान्यता दिएको छ । नेपाल क्रिकेट सङ्घका अनुसार आगामी कात्तिक ९ गतेदेखि मङ्सिर ५ गतेसम्म आयोजना हुने एनपिएलको तेस्रो संस्करणलाई आइसिसीको मान्यता दिएको हो । क्यानले जारी गरेको प्रेस विज्ञप्तिअनुसार आइसिसीबाट प्राप्त मान्यताले नेपाली क्रिकेटको विकासका साथै अन्तरराष्ट्रिय पहिचानलाईविस्तारगरेकोछ।

● वर्ष ४ ● अंक ३११ ● २०८३ साल असोज ३१ गते शनिबार ● Saturday 17, October 2026 ● सूर्योदय: बिहान ०६:०८ बजे ● सूर्यास्त: साँझ ०५:३६ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

सहमति कार्यान्वयन नभएको भन्दै एमाले सरकारबाट अलग



मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको नेकपा एमालेले सरकारमा सहभागी आफ्ना चार मन्त्रीलाई पनि फिर्ता बोलाएको छ । एमालेका चारै मन्त्रीले मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष सामूहिक राजीनामा बुझाएका छन्।
नेपाली काग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच भएको १५ बुँदे समझदारी कार्यान्वयन नभएको निष्कर्ष निकाल्दै एमालेले शुक्रबार सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको हो।
एमाले मधेश प्रदेश संसदीय दलले प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णलाई पत्र पठाएर समर्थन फिर्ताको औपचारिक जानकारी गराएको छ । संसदीय दलले पठाएको पत्रमा २०८३ असोज ३० गतेदेखि लागू हुने गरी समर्थन फिर्ता लिने निर्णय गरिएको उल्लेख छ।
एमालेले तीन दलबीच भएको समझदारीअनुसार सरकार सञ्चालन हुन नसकेको, सुशासन र विकास निर्माणका कामले अपेक्षित गति लिन नसकेको तथा जनहितका विषय प्रभावकारी रूपमा सम्बोधन नभएको आरोप लगाएको छ । समझदारी कार्यान्वयनका लागि पटकपटक ध्यानाकर्षण गराउँदा पनि ठोस प्रगति नभएपछि समर्थन फिर्ता लिनुपरेको एमालेको भनाइ छ।
कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा मधेश प्रदेश सरकार गठन हुँदा तीन दलबीच सरकार सञ्चालनलाई प्रभावकारी बनाउने, आपसी समन्वय र सहकार्य कायम गर्ने तथा सुशासनको अनुभूति हुने गरी काम गर्ने सहमति भएको थियो।
त्यस्तै, आर्थिक वर्ष २०८३/८४ को बजेटमा विकास योजनालाई प्राथमिकता दिने, मन्त्रालय तथा मन्त्रीको संख्या व्यवस्थापन गर्ने र विकास निर्माणका योजना पारदर्शी तथा प्रतिस्पर्धात्मक प्रक्रियाबाट सञ्चालन गर्ने विषय पनि समझदारीमा समेटिएका थिए। आर्थिक वर्षको सुरुवातसँगै विकास निर्माणका काम अघि बढाउने प्रतिबद्धता रहे पनि सहमतिअनुसार काम हुन नसकेको एमालेको ठहर छ।
समर्थन फिर्तासँगै राजीनामा दिने मन्त्रीमा भौतिक पूर्वाधार विकासमन्त्री मोहम्मद समिर, खेलकुद तथा समाजकल्याणमन्त्री लखन दास तत्मा, श्रम तथा यातायातमन्त्री शारदादेवी थापा र शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह छन्। उनीहरूले असोज ३० गतेकै मितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्बोधन गरी राजीनामा दिएका हुन्।
एमाले सरकारबाट बाहिरिएसँगै मुख्यमन्त्री यादव नेतृत्वको सरकारको राजनीतिक समीकरणमा फेरबदल आएको छ । सरकार गठनमा सहभागी प्रमुख दलमध्ये एमालेले समर्थन फिर्ता लिएपछि सरकारको निरन्तरता र आगामी सत्ता समीकरणबारे चासो बढेको छ।
अब मुख्यमन्त्री यादवले बाँकी सत्ता साझेदार दलसँग कसरी समन्वय गर्छन् र सरकारलाई निरन्तरता दिन कस्तो रणनीति अपनाउँछन् भन्ने विषयले मधेश प्रदेशको राजनीतिमा महत्त्व राख्नेछ।
एमालेले समर्थन फिर्ताको निर्णयलाई तीन दलबीच भएको सहमति कार्यान्वयन नहुनुसँग जोडेको छ । यता, एमालेले उठाएका विषय र समझदारी कार्यान्वयनको अवस्थाबारे प्रदेश सरकारको आधिकारिक प्रतिक्रिया भने प्राप्त भएको छैन।

मुख्य न्यायाधीवक्ताद्वारा वार्षिक प्रतिवेदन पेस

मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशका मुख्य न्यायाधीवक्ता डा. सुनिल रञ्जन सिंहले आर्थिक वर्ष २०८२/८३ मा कार्यालयबाट सम्पादन गरिएका कामकारबाही समेटिएको वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस गरेका छन्।
मुख्य न्यायाधिवक्ता सिंहले शुक्रबार मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णलाई प्रतिवेदन बुझाएका हुन्।
प्रदेश प्रमुखको कार्यालयका



अनुसार मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन,
बाँकी पृष्ठ ३ मा

प्रहरी निरीक्षक विश्वम्भरनाथ साह मधेश प्रदेशमै उत्कृष्ट प्रहरी

मधेशदृष्टि
जनकपुरधाम।
अपराध अनुसन्धान, नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न उल्लेखनीय योगदान पु¥याएको भन्दै महोत्तरीमा कार्यरत प्रहरी निरीक्षक विश्वम्भरनाथ साह मधेश प्रदेशकै उत्कृष्ट प्रहरीका रूपमा सम्मानित भएका छन्।
नेपाल प्रहरीको ७१औँ प्रहरी दिवसका अवसरमा मधेश प्रदेश प्रहरी कार्यालयले साहलाई उत्कृष्ट प्रहरीको सम्मान प्रदान गरेको हो।
जिल्ला प्रहरी कार्यालय महोत्तरीको अपराध नियन्त्रण, अनुसन्धान तथा शान्ति सुरक्षा शाखामा कार्यरत साहले जिम्मेवारी निर्वाहका क्रममा देखाएको सक्रियता, कार्यक्षमता र व्यावसायिक दक्षताका आधारमा यो सम्मान प्राप्त गरेका हुन्।



विभिन्न आपराधिक घटनाको अनुसन्धान, अपराध नियन्त्रण तथा जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यमा उनले पु¥याएको योगदानको मूल्याङ्कन गर्दै प्रदेशकै उत्कृष्ट प्रहरीका रूपमा छनोट गरिएको जनाइएको छ।
प्रहरी कर्मचारीको कार्यसम्पादन र व्यावसायिक योगदानको कदरस्वरूप प्रदान गरिने यस्तो सम्मानले प्रहरी संगठनभित्र सकारात्मक प्रतिस्पर्धा बढाउनुका साथै जिम्मेवारीप्रति थप प्रतिबद्ध भएर काम गर्न प्रेरणा दिने अपेक्षा गरिएको छ । साह मधेश प्रदेशकै उत्कृष्ट प्रहरीका रूपमा सम्मानित भएपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीका लागि पनि यो महत्त्वपूर्ण उपलब्धि बनेको छ।

प्रहरी समायोजनका लागि संघलाई दबाब दिन्छौं: मुख्यमन्त्री



मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको शान्ति सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रहरी समायोजन प्रक्रिया शीघ्र अघि बढाउन संघ सरकारलाई दबाब दिने बताएका छन्।
नेपाल प्रहरीको ७१औँ प्रहरी दिवस २०८३ को अवसरमा मधेश प्रदेश प्रहरी कार्यालयले शुक्रबार जनकपुरधाममा आयोजना गरेको विशेष समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले दशैं, तिहार र छठ पर्वपछि प्रहरी समायोजनका लागि सङ्घ सरकारसँग थप पहल गर्ने बताएका हुन्।
संविधानले प्रदेशलाई दिएको प्रहरीसम्बन्धी अधिकार कार्यान्वयनका लागि प्रहरी समायोजन अपरिहार्य रहेको उल्लेख गर्दै उनले हालै विराटनगरमा सम्पन्न मुख्यमन्त्रीहरूको सम्मेलनले पनि यस विषयमा जोड दिएको बताए। प्रदेशमा शान्ति सुरक्षा कायम गर्न र सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन संवैधानिक व्यवस्थाअनुसार प्रहरी समायोजन हुनुपर्ने उनको भनाइ थियो।
मुख्यमन्त्री यादवले शान्ति सुरक्षा कायम गर्ने, अपराध नियन्त्रण गर्ने, सडक सुरक्षा व्यवस्थापन गर्ने तथा विपद्का बेला उद्धार र राहतमा नेपाल प्रहरीले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको बताए । नेपाल–भारत खुला सीमाका कारण हुन सक्ने सीमा अपराध, लागूऔषध ओसारपसार, अवैध हातहतियार तस्करी र मानव बेचबिखन नियन्त्रणमा प्रहरीले विशेष सतर्कता अपनाउनुपर्ने उनले उल्लेख गरे।
समयसँगै अपराधको स्वरूप परिवर्तन भइरहेकाले प्रहरीलाई प्रविधिमैत्री र समयसापेक्ष बनाउन आवश्यक रहेको बताउँदै मुख्यमन्त्री यादवले प्रहरीको मनोबल उच्च राख्न प्रदेश सरकारले सहयोग गर्दै आएको जानकारी दिए।
कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले कानुनी शासनको प्रत्याभूति दिलाउन र शान्ति सुव्यवस्था कायम गर्न प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताए। प्रदेशमा सुरक्षा व्यवस्था सुदृढ गर्न प्रहरीका भौतिक पूर्वाधार निर्माण तथा स्रोतसाधन व्यवस्थापनका लागि सरकारले वार्षिक रूपमा बजेट र सहयोग उपलब्ध गराउँदै आएको उनले जानकारी दिए।
धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनताको घरदैलोसम्म पहुँच रहेको नेपाल प्रहरीले मुलुकको शान्ति सुरक्षा कायम गर्न महत्त्वपूर्ण योगदान पु¥याउँदै आएको बताए।
मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले सामाजिक सञ्जालको दुरुपयोगबाट सामाजिक सद्भाव बिगार्ने गतिविधि नियन्त्रण गर्न प्रदेशभर 'अपरेसन साइबर अपराध नियन्त्रण' कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।
प्रहरी दिवसका अवसरमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी तथा विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मानसमेत गरिएको थियो । मधेश प्रदेशभर उत्कृष्ट कार्य गर्ने प्रहरी निरीक्षक विश्वम्भरनाथ साहलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरे।
त्यसैगरी, महिला हिंसाविरुद्ध सचेतनामूलक टिकटक भिडियो निर्माणमा प्रथम भएका सप्तरीका कलाकार जुगेश्वर यादव र विपद् व्यवस्थापनमा उत्कृष्ट कार्य गरेका रौतहटको मौलापुरमा कार्यरत प्रहरी निरीक्षक भरत केसीलाई नगद तथा सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो।
समारोहमा अमर प्रहरीका परिवारजनका साथै ट्राफिक व्यवस्थापन र सामुदायिक प्रहरी सेवामा उल्लेखनीय योगदान पु¥याउने प्रहरी कर्मचारीलाई पनि कदरपत्र प्रदान गरिएको थियो।
कार्यक्रमको सुरुवातमा मुख्यमन्त्री यादवले अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गर्दै कर्तव्यपालनका क्रममा ज्यान गुमाएका प्रहरीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए।
समारोहमा जनकपुरधाम उपमहानगरपालिकाका कार्यवाहक प्रमुख परमेश्वर साह, मधेश प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकाललगायतले शान्ति सुरक्षा र प्रहरीको भूमिकाबारे मन्तव्य व्यक्त गरेका थिए।



सम्पादकीय

दसैँको खल्लो रौनक र मनभित्रको पीडा

आँगनमा जमरा छरिइसक्यो, घरका भित्ताहरूमा रङ्ग पोखिइसक्यो र पात्रोमा दसैँको तिथि आइपुग्यो । तर, जतिसुकै पर्वको सम्झना दिलाउन खोजे पनि यसपटक दसैँको साँचो रौनक भने अझै मानिसका मन र घरमा छिर्न सकेको छैन।

विगतका वर्षहरूमा जस्तो रातो माटो र कमेडोले सिँगारेका गाउँघर, पिङको किचकिच आवाज र टाढा–टाढाबाट फर्कने आफन्तको खुसीले छाउने उल्लास यसपाली हराएजस्तै छ । बजारमा चहलपहल त छ, तर त्यो चहलपहलमा उल्लासभन्दा बढी बाध्यता र औपचारिक निरन्तरता मात्र देखिन्छ।

यसपटक कात्तिक महिना पर्वैपर्वको मालाझैँ जोडिएर आएको छ । दसैँ सकिन नपाउँदै तिहार, छठ र लगत्तै आउने अन्य चाडपर्वहरूको ताँती छ । एकातिर वर्षभरिको ठूलो पर्वको आगमन छ भने अर्कातिर आम नेपालीको जीवनमा अभाव, महङ्गी र हालैका प्राकृतिक तथा सामाजिक पीडाहरूको बाक्लो छाया परेको छ । विपत्तिले खोसेका खुसीहरू, बिग्रिएका सडक, र आम्दानी घट्दै जाँदा चुलिएको महङ्गीका बीच पर्व मनाउनुपर्ने बाध्यताले नेपाली समाजलाई एकैपटक खुसी र वेदनाको दोसाँधमा उभ्याइदिएको छ।

पीडाको मुखमा यतिधेरै पर्वहरू एकैपटक आउँदा चाडबाड खुसी बाँड्ने अवसरभन्दा बढी मन बुझाउने चुनौती बनेको छ।

तैपनि, पर्वले सधैँ निराशा मात्र ल्याउँदैन, दुख र पीडा बिर्सेर अगाडि बढ्ने सानो आशाको किरण पनि जगाउँछ। खल्लो रौनकमै सही, आफ्ना प्रियजनहरूसँग बसेर दुई छाक मीठो–चोखो खाने र भोलिका राम्रा दिनको कामना गर्ने यो समयले पीडामा परेका मनहरूलाई थोरै भए पनि मलम लगाउन सकोस् भन्ने नै अहिलेको सबैभन्दा ठूलो अपेक्षा हो।

दसैँः आत्मजागरण र धर्मविजय

– डा. शोभाकर पराजुली

बडादसैँ नेपाली समाजको महान् धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक पर्व हो । यो केवल देवी दुर्गाको पूजा, टीका र जमरा ग्रहण गर्ने उत्सव मात्र नभई आत्मशुद्धि, आत्मचिन्तन, साधना र दैवी चेतनाको अनुभूति गर्ने पवित्र अवसर पनि हो । दसैँले मानिसलाई बाह्य संसारको कोलाहलबाट केही क्षण अलग भई आफ्नै अन्तर्मनलाई नियाल्न, जीवनको उद्देश्यबारे चिन्तन गर्न र सत्य, धर्म तथा सदाचारको मार्गमा अघि बढ्न प्रेरणा दिन्छ । यस पर्वको मूल सन्देश असत्यमाथि सत्यको, अधर्ममाथि धर्मको, अज्ञानमाथि ज्ञानको र नकारात्मक प्रवृत्तिमाथि सकारात्मक चेतनाको विजय हो । त्यसैले दसैँलाई बाह्य उत्सवका रूपमा मात्र नभई मानिसको आन्तरिक रूपान्तरणको महापर्वका रूपमा पनि बुझ्न आवश्यक छ।

हिन्दू धार्मिक मान्यताअनुसार, देवी दुर्गाले महिषासुर नामक असुरको वध गरी देवता तथा समस्त प्राणीको रक्षा गरेकी थिइन्। महिषासुरको अत्याचारबाट पीडित देवताहरूको प्रार्थनापछि विभिन्न दैवी शक्तिको तेजबाट प्रकट भएकी देवी दुर्गाले अधर्मविरुद्ध सङ्घर्ष गरी धर्मको स्थापना गरेको धार्मिक आख्यान पाइन्छ । त्यसैगरी, भगवान् श्रीरामले रावणमाथि विजय प्राप्त गरेको प्रसङ्ग पनि विजयादशमीको महत्वसँग जोडिएको छ । यी धार्मिक घटनाहरूले न्याय, अत्याचार र अहङ्कार जतिसुकै शक्तिशाली देखिए पनि सत्य र धर्मको शक्ति अन्ततः विजयी हुन्छ भन्ने शाश्वत सन्देश दिन्छन्। धर्मको विजय कुनै एक व्यक्तिको सफलता मात्र होइन, सम्पूर्ण समाजमा न्याय, शान्ति र सद्भाव स्थापित हुने अवस्थासमेत हो । आध्यात्मिक दृष्टिले हेर्दा महिषासुर र रावण बाह्य पात्र मात्र नभई मानिसभित्र रहेका अहङ्कार, लोभ, क्रोध, मोह, इर्ष्या, द्वेष र अज्ञानजस्ता दुर्गुणका प्रतीकका रूपमा पनि बुझ्न सकिन्छ। मानिसले बाह्य संसारमा अनेकौँ उपलब्धि हासिल गरे पनि आफ्ना नकारात्मक प्रवृत्तिमाथि नियन्त्रण गर्न सकेन भने उसको आन्तरिक जीवन अशान्त रहन सक्छ। धन, पद, प्रतिष्ठा र शक्तिले भौतिक सफलता दिन सक्छन्, तर आत्मिक शान्तिका लागि विवेक, सन्तोष, करुणा र आत्मानुशासन आवश्यक हुन्छ । त्यसैले दसैँले हामीलाई अरूमाथि विजय प्राप्त गर्नुभन्दा पहिले आफ्नै कमजोरी पहिचान गर्न र तिनलाई सुधार्न सिकाउँछ । आफ्नो क्रोधलाई संयममा, घृणालाई प्रेममा, लोभलाई सन्तोषमा र अहङ्कारलाई विनम्रतामा रूपान्तरण गर्न सक्नु नै दसैँको वास्तविक आध्यात्मिक विजय हो।

दसैँको सुरुआत घटस्थापनाबाट हुन्छ । यस दिन विधिपूर्वक घट स्थापना गरी जमरा राखिन्छ र देवी दुर्गाको आराधना सुरु गरिन्छ । घटलाई पवित्रता, जीवन र दैवी उपस्थितिको प्रतीकका रूपमा लिने धार्मिक परम्परा छ। जमराको हरियालीले जीवनको निरन्तरता, आशा, उर्वरता, नवजीवन र समृद्धिको सन्देश दिन्छ। बीउबाट अङ्कुर पलाए झैँ मानिसको जीवनमा पनि सदाचार, सत्कर्म र आध्यात्मिक चेतनाका बीउ रोपिएमा असल चरित्रको विकास हुन सक्छ । घटस्थापनाले नयाँ सङ्कल्प गर्ने, मनलाई पवित्र बनाउने र जीवनलाई सकारात्मक दिशामा अघि बढाउने अवसर प्रदान गर्छ। यस दिनदेखि सुरु हुने नवरात्रि देवी शक्तिको उपासना, ध्यान, जप, पाठ र आत्मचिन्तनका लागि विशेष महत्त्वपूर्ण मानिन्छ।

नवरात्रिका नौ दिनलाई देवी दुर्गाका विभिन्न स्वरूपको आराधना गर्ने समयका रूपमा लिइन्छ । धार्मिक परम्परामा देवीका विभिन्न स्वरूपले शक्ति, ज्ञान, धैर्य, करुणा, पवित्रता र साहसजस्ता गुणहरूको प्रतिनिधित्व गर्छन्। यस अवधिमा भक्तजनहरूले आफ्नो आस्था र परम्पराअनुसार पूजा, व्रत, ध्यान तथा अन्य धार्मिक अनुष्ठान गर्छन्। यी अभ्यासले मनलाई अनुशासित बनाउन, विचारलाई शुद्ध गर्न र आत्मबल बढाउन सहयोग पुर्याउन सक्छन्। आध्यात्मिक साधनाको उद्देश्य केवल कुनै इच्छा पूरा गराउनु होइन, आफ्नो चेतना परिष्कृत गर्नु र जीवनलाई असल कर्मतर्फ निर्देशित गर्नु पनि हो। जब मानिस श्रद्धाका साथ आफ्ना विचार र व्यवहारको समीक्षा गर्छ, तब उसले आफ्ना कमजोरी बुझ्ने र सुधार्ने अवसर प्राप्त गर्छ। यसरी नवरात्रि बाह्य आराधनासँगै आन्तरिक साधनाको यात्रा पनि बन्न सक्छ।

दसैँका अवसरमा मनाइने फूलपाती, महाअष्टमी र महानवमीका आफ्नै धार्मिक तथा सांस्कृतिक महत्त्व छन्। फूलपाती भित्र्याउने परम्पराले शुभता, पवित्रता र दैवी शक्तिप्रतिको श्रद्धा अभिव्यक्त गर्छ । महाअष्टमी र महानवमीका दिन देवीको विशेष पूजा तथा आराधना गरिन्छ। यी अवसरहरूले मानिसलाई जीवनमा शक्ति र साहसको महत्त्व सम्झाउँछन् तर शक्ति भनेको अरूलाई दबाउने क्षमता मात्र होइन; अन्यायविरुद्ध उभिने साहस, सत्यको रक्षा गर्ने दृढता, विपत्तिमा धैर्य धारण गर्ने क्षमता र दुःखीलाई सहयोग गर्ने संवेदनशीलता पनि हो । देवी दुर्गाको उपासनाको आध्यात्मिक अर्थलाई व्यवहारमा उतार्नु भनेको आफूमा रहेका असल गुणलाई जागृत गर्नु र समाजमा न्याय तथा करुणाको पक्षमा सक्रिय रहनु हो।

विजयादशमी दसैँको सबैभन्दा महत्वपूर्ण दिनमध्ये एक हो । यस दिन परिवारका ज्येष्ठ सदस्यबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा छ। निधारमा लगाइने टीका शुभता, विजय, श्रद्धा र मङ्गल कामनाको प्रतीक हो भने जमरा जीवन, उर्वरता र समृद्धिको प्रतीकका रूपमा लिइन्छ । ज्येष्ठ व्यक्तिबाट प्राप्त आशीर्वादले दीर्घायु, स्वास्थ्य, ज्ञान, सद्बुद्धि र सफल जीवनको कामना व्यक्त गर्छ। यस परम्पराले परिवारमा सम्मान, प्रेम र आत्मीयता कायम राख्न सहयोग पुर्याउँछ तर यसको आध्यात्मिक अर्थ बाह्य विधिमा मात्र सीमित छैन। टीका लगाउँदा मनमा पवित्रता, जमरा ग्रहण गर्दा जीवनप्रति कृतज्ञता र आशीर्वाद लिँदा असल आचरण अपनाउने सङ्कल्प जागृत हुनुपर्छ । अग्रजको सम्मान गर्नु भनेको उहाँहरूको अनुभव र ज्ञानबाट सिक्नु हो भने नयाँ पुस्तालाई नैतिकता, करुणा र जिम्मेवारीको संस्कार दिनु पनि उत्तिकै महत्त्वपूर्ण छ । दसैँको वास्तविक आध्यात्मिक साधना मन्दिरमा दीप प्रज्वलन गर्नुमा मात्र सीमित हुँदैन; आफ्नै हृदयमा सत्य, करुणा र मानवताको दीप बाल्नुमा पनि निहित हुन्छ । देवी दुर्गाको आराधना गर्नु भनेको अन्यायविरुद्ध उभिने साहस र निर्बलको संरक्षण गर्ने भावना विकास गर्नु हो। भगवान् श्रीरामको आदर्श स्मरण गर्नु भनेको मर्यादा, त्याग, कर्तव्य र नैतिकतालाई जीवनमा अपनाउनु हो । यदि हामीले पूजा त गर्यौँ तर मनमा घृणा राखिरह्यौँ, टीका त लगायौँ तर सम्बन्धमा कटुता कायम राख्यौँ र आशीर्वाद त लियौँ तर अरूप्रति करुणा देखाउन सकेनौँ भने यस पर्वको आध्यात्मिक उद्देश्य अधुरो रहन्छ । साँचो पूजा शुद्ध मनमा, साँचो धर्म असल कर्ममा र साँचो भक्ति निःस्वार्थ प्रेममा प्रकट हुन्छ। मानिसको व्यवहारमा सद्गुण देखिनु नै उसको धार्मिक चेतनाको महत्त्वपूर्ण अभिव्यक्ति हो।

दसैँले परिवार, समाज र समग्र मानवताबीच सद्भाव स्थापित गर्ने अवसर पनि प्रदान गर्छ। रोजगारी, अध्ययन वा अन्य कारणले घरबाट टाढा रहेका परिवारका सदस्यहरू सम्भव भएसम्म एक ठाउँमा भेला हुन्छन्। आफन्तसँग भेटघाट गर्ने, ज्येष्ठ नागरिकबाट आशीर्वाद लिने, सानालाई माया गर्ने र आपसी सम्बन्धलाई सुमधुर बनाउने परम्पराले पारिवारिक एकतालाई बलियो बनाउँछ। यस अवसरमा पुराना मनमुटाव त्याग्ने, गल्तीका लागि क्षमा माग्ने र अरूलाई क्षमा गर्ने अभ्यासले सम्बन्धमा नयाँ सुरुवात ल्याउन सक्छ। क्षमा गर्नु कमजोरी होइन; यो मनलाई द्वेषको भारबाट मुक्त गर्ने आध्यात्मिक गुण हो। प्रेम र सद्भावले भरिएको परिवार नै शान्त समाजको आधार हो । त्यसैले दसैँलाई केवल पारिवारिक जमघटमा सीमित नराखी सामाजिक सद्भाव र मानवीय एकताको पर्वका रूपमा पनि मनाउनुपर्छ।

धर्मको वास्तविक सार विभाजन होइन, एकता हो; भक्तिको सार देखावा होइन, समर्पण हो; र आध्यात्मिकताको सार संसारबाट पलायन हुनु होइन, संसारमा रहेर पनि सत्य, करुणा र विवेकका साथ जीवन बिताउनु हो। धर्मको नाममा घृणा फैलाउनु, अरूको आस्थालाई अपमान गर्नु वा मानिसलाई जाति, भाषा, क्षेत्र र आर्थिक अवस्थाका आधारमा विभाजन गर्नु आध्यात्मिक चेतनाको उद्देश्यसँग मेल खाँदैन। धार्मिक आस्थाको सम्मान गर्दै सबै मानिसप्रति न्यायपूर्ण र करुणामय व्यवहार गर्नु आवश्यक छ। दसैँको खुसी त्यतिबेला अझ अर्थपूर्ण हुन्छ, जब हामी दुःखी, असहाय, आर्थिक रूपमा कमजोर तथा एक्लोपनमा रहेका मानिसलाई सम्झन्छौँ र आफ्नो क्षमताअनुसार सहयोग गर्छौँ। भोकालाई भोजन, निराश व्यक्तिलाई आशा, एक्लो व्यक्तिलाई साथ र दुःखीलाई सान्त्वना दिनु पनि मानवताप्रतिको पवित्र सेवा हो । आजको भौतिकवादी र प्रतिस्पर्धात्मक युगमा मानिस धन, पद, प्रतिष्ठा र सफलताको खोजीमा निरन्तर व्यस्त छ । प्रविधि र भौतिक सुविधाले जीवनलाई सहज बनाएका छन्, तर मानिसको आन्तरिक शान्ति सधैँ त्यसैअनुसार बढेको छैन । धेरै अवस्थामा बाह्य उपलब्धिका बीच पनि असन्तोष, चिन्ता र मानसिक अशान्ति रहन सक्छ । यस्तो अवस्थामा दसैँले मानिसलाई केही क्षण रोकिन, आफ्नो जीवनलाई नियाल्न र आफूले पछ्याइरहेको मार्गबारे सोच्न प्रेरित गर्छ। हामीले कति सम्पत्ति कमायौँ भन्ने प्रश्नसँगै कति असल काम गर्यौँ, कति सम्बन्ध जोगायौँ, कति मानिसको दुःख कम गर्न सक्यौँ र आफ्नो मनलाई कति शान्त बनाउन सक्यौँ भन्ने प्रश्न पनि महत्त्वपूर्ण हुन्छ । भौतिक समृद्धि र आध्यात्मिक सन्तुलनबीच सामञ्जस्य कायम गर्न सक्नु नै अर्थपूर्ण जीवनको आधार हो । दसैँको अवसरमा हामीले केही आत्मिक सङ्कल्प गर्न सक्छौँ। असत्यको सट्टा सत्य बोल्ने, घृणाको सट्टा प्रेम रोज्ने, अहङ्कारको सट्टा विनम्रता अपनाउने, लोभको सट्टा सन्तोष विकास गर्ने र स्वार्थको सट्टा सेवाभावलाई प्राथमिकता दिने सङ्कल्प हाम्रो जीवन परिवर्तन गर्ने आधार बन्नसक्छ। अरूलाई दोष दिनुअघि आफ्ना कमजोरी पहिचान गर्नु, गल्ती हुँदा स्वीकार गरी सुधार्नु, सफलता प्राप्त गर्दा विनम्र रहनु र कठिनाइमा धैर्य नछोड्नु पनि आध्यात्मिक अभ्यास हुन् । नियमित प्राथना, ध्यान, आत्मचिन्तन र सत्कर्मले मनलाई शान्त र विचारलाई स्पष्ट बनाउन सहयोग पुर्याउन सक्छन्। धार्मिक अनुष्ठानको प्रभाव हाम्रो दैनिक व्यवहारमा देखिन थालेपछि दसैँको सन्देश पर्वको अवधिभन्दा धेरै परसम्म फैलिन्छ।

देवी दुर्गासँग शक्ति माग्नु भनेको सत्यको पक्षमा उभिने साहस र अन्यायको सामना गर्ने दृढता माग्नु हो। समृद्धिकी देवी लक्ष्मीको कृपा चाहनु भनेको धनसँगै विवेक, सन्तोष र सदुपयोगको भावना विकास गर्नु हो । ज्ञानकी देवी सरस्वतीको आशीर्वाद चाहनु भनेको ज्ञानसँगै विनम्रता, विवेक र सद्बुद्धि प्राप्त गर्ने आकांक्षा राख्नु हो । यस अर्थमा शक्ति, समृद्धि र ज्ञान एकअर्काका पूरक हुन् । शक्ति विवेकविहीन भयो भने दमनको कारण बन्न सक्छ, समृद्धिमा करुणा भएन भने स्वार्थ बढ्न सक्छ र ज्ञानमा विनम्रता भएन भने अहङ्कार जन्मिन सक्छ। त्यसैले देवीदेवताको आराधनासँगै तिनले स्मरण गराउने सद्गुणलाई आफ्नो जीवनमा आत्मसात् गर्नु आवश्यक छ । यही समन्वयले भक्ति र व्यवहारबीचको दूरी कम गर्छ।

प्रकृति र समस्त जीवप्रतिको संवेदनशीलता पनि आध्यात्मिक जीवनको महत्त्वपूर्ण पक्ष हो । दसैँमा हुने धार्मिक तथा सामाजिक गतिविधि सञ्चालन गर्दा वातावरण सफा राख्ने, खाद्यान्न खेर नफाल्ने, अनावश्यक खर्चबाट बच्ने र आफ्नो आर्थिक क्षमताअनुसार पर्व मनाउने बानी विकास गर्नुपर्छ । चाडपर्वका नाममा देखासिकी र प्रतिस्पर्धामा लागेर ऋणको बोझ बढाउनुको सट्टा सरलता, सन्तोष र आत्मीयतालाई प्राथमिकता दिनु उचित हुन्छ । पर्वको भव्यता खर्चको मात्राले होइन, त्यसले मानिसको मनमा उत्पन्न गर्ने प्रेम, शान्ति र सकारात्मकताले निर्धारण गर्छ । अरूको खुसीमा सहभागी हुनु, प्रकृतिको संरक्षण गर्नु र स्रोतसाधनको जिम्मेवार प्रयोग गर्नु पनि कृतज्ञता र करुणाको व्यावहारिक रूप हो।

अन्ततः बडादसैँ आत्मजागरण, आत्मशुद्धि र धर्मविजयको पवित्र सन्देश बोकेको महापर्व हो । यसको सार देवीको चरणमा फूल चढाउनुमा मात्र होइन, आफ्नो व्यवहारमा सद्गुण फुलाउनुमा छ; निधारमा टीका लगाउनुमा मात्र होइन, हृदयमा प्रेम र विवेक जागृत गराउनुमा छ; अनि जमरा ग्रहण गर्नुमा मात्र होइन, जीवनमा आशा, सद्भाव र सकारात्मकताको बीउ रोप्नुमा छ । दसैँले हामीलाई सम्झाउँछ कि साँचो विजय अरूलाई पराजित गर्नुमा होइन, आफ्ना दुर्गुणमाथि नियन्त्रण प्राप्त गर्नुमा छ; साँचो समृद्धि धनको सञ्चयमा मात्र होइन, सन्तोष र सद्भावमा छ; र साँचो भक्ति प्रार्थनाका शब्दमा मात्र होइन, निःस्वार्थ सेवा तथा असल कर्ममा प्रकट हुन्छ । जब हामी सत्य, करुणा, क्षमा, सेवा र सदाचारलाई जीवनको आधार बनाउँछौँ, तब दसैँको आध्यात्मिक विजय हाम्रो व्यवहारमा प्रतिबिम्बित हुन थाल्छ। माता दुर्गाको कृपाले सबैको मनमा धर्मको प्रकाश, परिवारमा सुख शान्ति, समाजमा न्याय र मानवतामा प्रेम तथा सद्भाव स्थापित होस् । यही पवित्र कामनासहित सम्पूर्ण नेपालीमा बडादसैँको हार्दिक मङ्गलमय शुभकामना !

विपद् जोखिम थाहा छ, तयारी कहाँ छ ?

–टिकाराम सुनार/रासस

२०७० असार २ गते महाकाली नदीमा आएको गेग्रानसहितको बाढीले दार्चुला सदरमुकाम खलङ्गा तहसनहस भयो । त्यहाँका १५६ घरमा पूर्ण भयो भने सरकारी कार्यालयका ३२ भवन र ३५३ परिवारका सरसामान बगायो। सरकारी आँकडाअनुसार त्यसबेला रु ३२ करोड ५६ लाख बराबरको क्षति भएको अनुमान छ। महाकाली नदीको माथिल्लो तटीय क्षेत्रमा ‘क्लाउड ब्रस्ट’ हुँदा त्यस्तो विपद् आएको त्यसबेलाको निष्कर्ष थियो।

आठ वर्षपछि २०७८ कात्तिक ४ गते बैतडीको सिगास गाउँपालिका–५ ढुङ्गाढमा सेती नदीमा त्यस्तै बाढी आयो। करिब १५० बिघा खेतीयोग्य जमिन बगरमा परिणत भयो। कैयन घर तथा संरचनामा क्षति पुग्यो। सोही वर्ष असोजमा आएको बेमौसमी वर्षाबाट समग्र सुदूरपश्चिम नै प्रभावित भएको थियो। त्यसताका वर्षापछिको पहिरोमा परी डोटीमा १२, बैतडीमा चार र डडेल्धुरामा दुई जनाको मृत्यु भयो। बझाङको थलारामा पहिरोपछि २३ जना र कैलालीको लम्कीचुहामा बाढीपछि चार जना बेपत्ता भए।

जल विज्ञान कार्यालय अत्तरियाका अनुसार २०८१ असार २४ गते कञ्चनपुरको दोधारा वर्षा मापन केन्द्रमा २४ घण्टामा ६२४ मिलिमिटर वर्षा मापन भयो। यो नेपालमा अभिलेख राखिएको ७८ वर्षको अवधिकै उच्च वर्षा (आरीघोप्टे वर्षा) मापन भएको थियो। त्यसबेला उपग्रह चित्रमा आधारित विश्लेषणअनुसार जिल्लाको करिब ९८ वर्गकिलोमिटर क्षेत्र डुबान, १४ हजार ३१५ घर प्रभावित र समग्रमा करिब रु एक अर्ब ५७ करोड क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिवेदन २०२४ मा उल्लेख छ।

यी त सुदूरपश्चिमका केही प्रतिनिधिमूलक घटना हुन् । यहाँका विभिन्न जिल्लामा यस्तै विपद् जोखिमका कैयन त्रासदीपूर्ण घटना भएका छन्। यी जोखिम स्थानीय वर्षा वा नदीको बहावमा मात्र सीमित छैनन् । हिमालमा वर्षा, पहाडमा पहिरो, भूक्षय र नदीमा पानीको बहावले सयौँ किलोमिटर तलका बस्तीलाई समेत प्रभावित पार्ने गरेको छ। भोटेकोशी र बूढीगण्डकीका घटनाले पनि आफ्नै अगाडिको विपद्ले मात्रै जोखिम हुँदैन भन्ने विषयलाई थप गम्भीर रुपमा उजागर गरेका छन्।

सुदूरपश्चिमका लागि पनि यो गम्भीर चेतावनी हो। यहाँको भौगोलिक बनावट, पूर्वाधारको अवस्था र आर्थिक–सामाजिक परिस्थितिले थप बढी जोखिमपूर्ण अवस्था रहेको देखाएको छ । कर्णाली, महाकाली र सेतीजस्ता ठूला नदी प्रणालीदेखि हिमाली क्षेत्रको परिवर्तन, पहाडी क्षेत्रको पहिरो, चुरेको भूक्षय र कैलाली–कञ्चनपुरको बाढी तथा डुबानसम्मका बहुप्रकोपले यो प्रदेश जोखिममा छ, तर यी जोखिमलाई एउटै प्रणालीमा हेरेर पूर्वतयारी गर्ने काम अझै चुनौतीपूर्ण छ।

हिमतालदेखि तराईसम्मको विपद्

सुदूरपश्चिम समुद्री सतहबाट १०९ मिटरदेखि सात हजार १३२ मिटर उचाइसम्म फैलिएको छ। यहाँ ४०.६० प्रतिशत हिमाल, ३४.५४ प्रतिशत पहाड र २४.८६ प्रतिशत तराई क्षेत्र छ। यो बनोटले पनि पहाडी क्षेत्रमा पहिरो तथा भूक्षय, तराई र चुरे क्षेत्रमा बाढी, खडेरी र डुबान तथा हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनजन्य बाढीको जोखिम छ। वन डढेलो र अन्य प्रकोपले पनि जनजीवन तथा पूर्वाधारमा असर पार्दै आएका छन्।

यी जोखिममध्ये सबैभन्दा बढी भूभाग रहेको हिमाल र त्यहाँ रहेका हिमतालसँग जोडिएका सम्भावित बहुप्रकोपबारे पर्याप्त चर्चा र एकीकृत जोखिम नक्साङ्कन हालसम्म हुनसकेको छैन । तथापि केही अध्ययनले यसबारेको बहसलाई उजागर गरेका छन्। सन् २०२३ मा प्रकाशित अध्ययनले बझाङको कावारी जलाधार क्षेत्रमा हिमनदी र हिमतालमा भएको परिवर्तनबारे केही तथ्य उजागर गरेको छ। अध्ययनले सन् १९९४ देखि २०२१ सम्म हिमनदीको क्षेत्रफल १.६४ वर्गकिलोमिटरले घटेको देखाएको छ।

नितेश खड्कालगायतले गरेको उक्त अध्ययनमा सोही अवधिमा हिमतालको क्षेत्रफल ०.०६१ वर्गकिलोमिटरबाट बढेर ०.३४ वर्गकिलोमिटर पुगेको उल्लेख छ । अध्ययनले सन् २००० देखि २०१९ सम्म हिमनदीको औसत विशिष्ट पिण्ड सन्तुलन प्रतिवर्ष माइनस ०.३ मिटर जल–समतुल्य रहेको पनि देखाएको छ। यसले हिमताल बढ्ने तर पानी निकास हुने हिमनदीको क्षेत्रफल घट्ने तथ्य उजागर गर्दै जोखिमपूर्ण अवस्थाबारे सचेत गराएको छ।

यस्तै सन् २०२० मा प्रकाशित ‘नेपालका हिमताल तथा हिमताल विस्फोटजन्य बाढीसम्बन्धी राष्ट्रिय इन्भेन्ट्री’ ले नेपालभर पहिचान गरिएका एक हजार ४६६ हिमतालमध्ये नौवटा हिमताल महाकाली नदी बेसिनमा रहेको देखाएको छ तर तालमा पानीको मात्रा, प्राकृतिक बाँधको अवस्था र त्यसबाट निस्कने पानीको सम्भावित बहाव मार्गको अध्ययन हुन सकेको छैन।

विपद्का क्षेत्रमा काम गर्दै आएको फाया नेपालका कार्यकारी निर्देशक शेरबहादुर बस्नेत सुदूरपश्चिमका सबैजसो ठूला नदीको स्रोत हिमाल नै भएकाले त्यहाँको वस्तुस्थितिबारे अध्ययन आवश्यक रहेको बताउनुहुन्छ । त्यसले भविष्यमा हुनसक्ने विपद् पूर्वतयारी र समुदायलाई सचेत गराउन ठूलो काम गर्ने उहाँको बुझाइ छ।

‘भोटेकोशी र बूढीगण्डकीको बाढीले पनि त्यो पाठ सिकाएको छ किनकी हिमालय तथा पहाडमा हुने समस्याले नदी तटीय क्षेत्रमा कसरी तहसनहस हुँदो रहेछ भनेर देखायो। सुदूरपश्चिममा पनि धेरै हिमाली र पहाडी क्षेत्र, कान्छो पहाड चुरे, कमजोर भौगर्भिक अवस्था छ,’ उहाँ भन्नुहुन्छ, ‘यदि यहाँका नदीमा ३० मिटरभन्दा बढी ग्रेग्रानसहितको बाढी आयो भने के होला ? त्यो जोखिमको आकलन गरेर तयार रहनुपर्ने भयो । अब राहतमुखी तयारीभन्दा माथि उठ्नुपर्ने देखियो।’

‘हाइड्रोलोजी एण्ड इन्जिनियरिङ’ जर्नलमा सन् २०२६ मा प्रकाशित तल्लो कर्णाली नदी जलाधारसम्बन्धी अध्ययनले २३ हजार ९२९ भवन, ४७७ किलोमिटर सडक र १६ हजार ६५ हेक्टर धानबालीलाई सम्भावित बाढीका विभिन्न परिदृश्यमा समेट्दै जोखिम आकलन गरेको छ । अध्ययनले कैलालीका टीकापुर र लम्कीचुहाजस्ता तल्लोतटीय क्षेत्रमा ठूलो जोखिम औँल्याएको छ तर त्यसअनुसार तयारीका काम भएका छैनन्।

यस्तै विभिन्न अध्ययनले बाढीको जोखिम ग्रामीण तटीय बस्तीमा मात्र सीमित नरहेको देखाएका छन्। सन् २०२५ मा प्रकाशित ‘मोहना–खुटिया नदी बेसिनमा बाढीजन्य जोखिममा रहेका सार्वजनिक तथा निजी पूर्वाधारको अवस्थिति’सम्बन्धी अध्ययनले धनगढीमा बाढीको जोखिम औँल्याएको छ। अध्ययनअनुसार २० वर्षे बाढी परिदृश्यमा धनगढीका ५४ प्रतिशत, ५० वर्षेमा ५६ प्रतिशत र १०० वर्षेमा ५९ प्रतिशत भवन प्रभावित हुन सक्ने देखिएको छ। १०० वर्षे परिदृश्यमा जलाधारभित्रका २९६ किलोमिटर सडक र ३२ पुलसमेत बाढीको प्रभावमा पर्न सक्ने अध्ययनको निष्कर्ष छ।

जिल्लामा डुबानका हिसाबले सबैभन्दा जोखिममा रहेको भजनीलगायत तल्लो समथर भूभागमा माथिल्लो क्षेत्रबाट आएको पानी एकैपटक जम्मा हुँदा स्थानीय संरचनाले मात्रै जोखिम नियन्त्रण गर्न सक्दैन । त्यसका लागि पानीको निकास, सहायक नदीको बहाव, भू–उपयोग र तल्लो क्षेत्रको प्राकृतिक जलनिकास प्रणालीलाई समेत समेट्ने नदी बेसिन व्यवस्थापन आवश्यक रहेको नगर प्रमुख केवल चौधरीले बताउनुहुन्छ।

हिमाल, हिमताल र नदीसँग जोडिएका जोखिममात्रै होइन, यहाँ पहिरोको जोखिम पनि उत्तिकै छ । बाजुराको बूढीगङ्गा र छेडेदह क्षेत्रमा गरिएका वर्षाजन्य पहिरोसम्बन्धी विभिन्न अध्ययनले भू–उपयोग तथा भू–आवरण, भूगर्भ र वर्षालगायतका आधारमा पहिरो संवेदनशीलता रहेको देखाएका छन्। यसले पहिरो जाने, नदी थुनिने, कटान र तल्लो क्षेत्रमा हुने डुबानलाई छुट्टाछुट्टै नभई एउटै जोखिम शृङ्खलाका रूपमा हेर्नुपर्ने देखाउँछ।

‘भोटेकोशी र बूढीगण्डकीको बाढीले पहिरोबाट नदी थुनिने र गेग्रानको बहाव बढ्ने जोखिम देखाएका छन्। त्यसैले पहिरो, नदी कटान र डुबानलाई एकीकृत रूपमा हेर्नुपर्ने आवश्यकता छ । अब प्रदेशमा पनि सोहीअनुसार पूर्वतयारीका काम हुनुपर्‍यो,’ प्रदेशसभा सदस्य तुल्सी देवकोटा भन्नुहुन्छ।

भूकम्पको जोखिम झन बढी

विभिन्न अध्ययनहरुले सुदूरपश्चिममा भूकम्पको जोखिम सन्निकट रहेको देखाएका छन् । सन् २०१८ मा ‘जियोफिजिकल रिसर्च लेटर्स’मा प्रकाशित शिवा सुवेदीसहितका अनुसन्धानकर्ताको ‘इमेजिङ द मोहो एन्ड द मेन हिमालयन थ्रस्ट इन वेस्टर्न नेपाल विथ रिसिभर फङ्सन्स’ शीर्षकको अध्ययनले पश्चिम नेपालको भूगर्भीय संरचनाको विश्लेषण गरेको थियो । उक्त अध्ययनले पृथ्वीको बनावट र मुख्य हिमालको संरचना अध्ययन गर्दै पश्चिम नेपालमा आठ म्याग्निच्युडभन्दा ठूलो भूकम्प उत्पन्न हुनसक्ने सम्भावनालाई औँल्याएको छ।

यस्तै सन् २०१९ मा ‘नेचर कम्युनिकेसन्स’ जर्नलमा प्रकाशित रारा तालको क्षेत्रमा आधारित अध्ययनले पछिल्ला करिब ८०० वर्षमा भूकम्पका कारण उत्पन्न हुनसक्ने आठवटा तलछट (तालको पिँधमा थुप्रिएका माटो तथा अन्य पदार्थका तह) तह पहिचान गरेको थियो । अनुसन्धानकर्ताले सन् १५०५ को ठूलो भूकम्पपछि पश्चिम नेपालमा ठूला भूकम्पको जोखिमबारे थप अध्ययन आवश्यक रहेको निष्कर्ष निकालेका थिए।

यसैगरी सन् २०२४ मा ‘अर्थ, प्लानेट्स एन्ड स्पेस’मा प्रकाशित मुख्य हिमालयको प्लेटहरूको परस्पर जडान र भूकम्पीय सम्भावनासम्बन्धी अध्ययनले पनि सन् १५०५ को ठूलो भूकम्पपछि पश्चिम नेपालमा सञ्चित भूकम्पीय सम्भावनाको विश्लेषण गरेको छ । अध्ययनले पश्चिम नेपालमा सञ्चित भूकम्पीय ऊर्जा ठूलो भूकम्प उत्पन्न गर्न पर्याप्त हुनसक्ने देखाएको छ।

यी अध्ययनले पश्चिम नेपालमा भूकम्पीय जोखिमलाई बेवास्ता गर्न नमिल्ने र भूगर्भीय संरचना तथा भूकम्पीय गतिविधिको नियमित निगरानी आवश्यक रहेको देखाएका छन्। यस्तै अध्ययनले औँल्याएका जोखिमलाई ध्यानमा राखेर सुदूरपश्चिममा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाले विपद् व्यवस्थापनका क्षेत्रमा काम सुरु नगरेका पनि होइनन् । सरकारसँगको सहकार्यमा प्रणाली सुदृढीकरण, क्षमता अभिवृद्धि तथा नीति निर्माणमा केही काम भइरहेका छन् तर ती पर्याप्त छैनन्।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी), फिल्ड कार्यालय धनगढीका प्रमुख बैजन्ती गिरी सिंह भूकम्पले जनजीवन, पूर्वाधार, पहाड र नदी प्रणालीलाई एकैपटक प्रभावित पार्ने भएकाले यस विषयमा थप गम्भीरताका साथ तयारी आवश्यक रहेको बताउनुहुन्छ। ‘भूकम्पसँग पहिरो, नदी प्रणालीमा अवरोध, बाढीलगायत बहुप्रकोप जोडिएका हुन्छन्, एकैपटक समस्या आउन सक्छन् । त्यसैले हालसम्मका चेतावनीअनुसार जोखिमलाई ध्यानमा राखेर काम गर्नुपर्छ,’ उहाँ भन्नुहुन्छ, ‘अब समयमै भोटेकोशी र बूढीगण्डकी जस्तो जोखिम सुदूरपश्चिममा आइलागे के गर्ने भन्नेमा स्पष्ट योजना, तयारी र समन्वयबारे गम्भीर भएर सोच्नुपर्ने अवस्था आइसक्यो।’

एकीकृत जोखिम नक्साङ्कन आवश्यक

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् शाखा प्रमुख जनक धामी प्रदेशमा मौसम पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य योजना बनाइए पनि समग्र विपद् जोखिम नक्साङ्कन हुन नसकेको बताउनुहुन्छ । अब मौसम पूर्वानुमानमा आधारित जोखिम आकलन गरेर मात्रै नहुने देखिएका एकीकृत जोखिम नक्साङ्कन गरी सोहीअनुसार काम गर्नपर्ने आवश्यकता महसुस गरिएको उहाँको भनाइ छ।

मन्त्रालयकी प्रशासन तथा योजना शाखा प्रमुख उपसचिव पवित्रा पुरी विपद् आएपछि उद्धारका सामग्री जुटाउने अभ्यासमा मात्र सीमित नभई अब दीर्घकालीन तयारी र विपद् संवेदनशील पूर्वाधारमा पनि ध्यान दिनुपर्ने बताउनुहुन्छ । ‘अहिले हामी विपद् आएपछि कसरी प्रतिकार्य गर्ने भन्ने सोचेर बेल्चा, ज्याकेट र ¥याफ्टजस्ता सामग्रीको जोहो गर्नमा केन्द्रित छौँ। अब ठूला पूर्वाधार, आधुनिक प्रविधि–उपकरण, स्रोतसाधन र नीतिबारे पनि सोच्नुपर्ने बेला भएको छ,’ उहाँ भन्नुहुन्छ।

नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ, कञ्चनपुरका कार्यकारी निर्देशक अशोकविक्रम जैरुलाई पनि अब परम्परागत विपद् व्यवस्थापन अभ्यासले बदलिँदो जोखिमका स्वरुपलाई सम्बोधन गर्न नसकिने महसुस भइरहेको छ । त्यसैले अब प्रदेशमा कहाँ–कहाँ कस्तो जोखिम छ र कुन क्षेत्रका नागरिकले विशेष सावधानी अपनाउनुपर्छ भन्नेबारे पूर्वजानकारीसहितका तयारी गर्नुपर्ने उहाँको धारणा छ । त्यसका लागि महाकाली र कर्णालीजस्ता ठूला नदीसँगै दोदा, जोगबुडा र रङ्गुनजस्ता नदी तथा खोलाको जोखिम र बहुप्रकोपलाई समेत समेटेर एकीकृत अध्ययनको आवश्यकता औँल्याउनुहुन्छ।

‘हालसम्मको हाम्रो प्रवृत्ति विपद् आइसकेपछि सक्रिय हुने खालको छ । अब त्यसरी हुँदैन । बाढी, कटान, डुबान, भू–क्षय र भूकम्पलगायत बहुप्रकोप जोखिमलाई समेट्ने एकीकृत अध्ययन गरी प्राथमिक क्षेत्र र काम निर्धारण गरी जोखिम न्यूनीकरणतर्फ अघि बढ्नुपर्ने आवश्यकता छ,’ कार्यकारी निर्देशक जैरुले भन्नुभयो।

नेपाल रेडक्रस सोसाइटी, कैलालीका सभापति लोकराज जोशी नदी प्रणालीको माथिल्लो, मध्य र तल्लो करिडोरलाई छुट्याएर पूर्वतयारीका काम गर्नुपर्नेमा जोड दिनुहुन्छ । उहाँ पूर्वसूचना प्रणालीको सुदृढीकरण गरी नागरिकसम्म जोड्नुपर्ने र पूर्वाधार निर्माणको विद्यमान प्रणालीलाई पनि फेर्नुपर्ने आवश्यकता देख्नुहुन्छ । ‘भोटेकोशी बाढीले एक÷दुई मिनेट पनि नागरिकको ज्यान जोगाउन उपयोग गर्न सकिन्छ भन्ने देखाइसकेको छ । त्यसैले सुदूरपश्चिममा पनि आवश्यक अध्ययनसहित पूर्वतयारीका काममा अहिलेदेखि नै जुटौँ । अब विपद् जोखिमका तत्कालीन र दीर्घकालीन प्रवृत्ति विश्लेषण गरी उत्थानशीलता विकास र सूचना प्रणालीको सुदृढीकरणबारे पनि बहस सुरु गरौँ,’ जोशीले भन्नुभयो।

विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्दै आउनुभएकी लक्ष्मी अवस्थीले सुदूरपश्चिमका हिमाली नदी तथा जलाधार क्षेत्रको विस्तृत जोखिम विश्लेषण, स्थानीय अवस्थाअनुसार पूर्वसूचना प्रणालीको विकास र दीर्घकालीन पूर्वतयारीमा जोड दिनुभएको छ। ‘सुदूरपश्चिम सधैँ टाढा र पछि पर्ने क्षेत्र हुनुहुँदैन, भोटेकोशी र बूढीगण्डकीका विपद्का घटनाबाट पाठ सिक्दै यहाँका जोखिमलाई पनि समयमै पहिचान गरेर प्राथमिकतामा राख्नुपर्छ। स्थानीय भूगोल र जोखिमको प्रकृतिअनुसार पूर्वसूचना प्रणाली परिष्कृत गर्दै वैज्ञानिक अध्ययन, जोखिम नक्साङ्कन र समुदायस्तरको पूर्वतयारीमा लगानी गर्न आवश्यक छ,’ उहाँको राय छ।

सरकारको मनसुन पूर्वतयारी योजनाअन्तर्गत प्रदेशका उच्च जोखिमयुक्त विभिन्न ३६ स्थानमा बाढी मापन केन्द्र र ७६ स्थानमा वर्षा मापन केन्द्रसहित पूर्वसूचना प्रणाली जडान गरिएका छन् तर वर्षा र बाढीको बदलिँदो प्रवृत्तिले विद्यमान सूचना प्रणालीले धान्ने अवस्था छैन । त्यसैले अब विद्यमान सूचना प्रणालीको पर्याप्तता र प्रभावकारिताबारे पुनरावलोकन गर्दै बहुप्रकोप पूर्वसूचना प्रणाली, विपद् जोखिम सूचना तथा आकलन र त्यसको पहुँचमा उल्लेख्य बृद्धि गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ जल विज्ञान कार्यालय अत्तरियाका प्रमुख इन्जिनियर सञ्जयकुमार साह। ‘वर्षा र बाढीको प्रवृत्ति फेरिँदै गएको छ। हामीले एक सय वर्षको अनुमान गरेर बनाएका पूर्वाधार योजनामाथि केही वर्षमै चुनौती आइरहेका छन्। त्यसकारण बहुप्रकोपीय सूचना प्रणालीको सुदृढीकरण गरी सबै तहका सरकारले विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजनाअनुसार गम्भीर भएर काम गर्नुपर्ने आवश्यकता छ,’ उहाँले भन्नुभयो।

अब गर्नुपर्ने काम

विभिन्न अध्ययन र विज्ञका सुझावअनुसार अब सुदूरपश्चिममा विपद् जोखिमको एकीकृत ‘प्रभाव मोडलिङ’ र जोखिम आकलन गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८–३०), राष्ट्रिय नीति, २०७५, का साथै जलवायु परिवर्तनसँग जोडिएका प्रवृत्तिको लेखाजोखा गरी काम गर्नुपर्ने आवश्यकता छ। विज्ञहरूले हिमाली क्षेत्रमा रहेका हिमनदी र हिमतालको नियमित निगरानी गरी जोखिमयुक्त स्थानको पहिचान, बाढी, पहिरो, डुबान, नदी कटान र भूकम्पलगायत बहुप्रकोपको एकीकृत जोखिम नक्साङ्कन तथा प्रभावित हुन सक्ने बस्ती र संरचनाको पहिल्यै पहिचान गर्नुपर्नेमा जोड दिएका छन्।

यस्तै, विपद् पूर्वतयारीको सुदृढीकरण, उन्नत प्रविधिमा आधारित बहुप्रकोप पूर्वसूचना प्रणाली विकास गर्नुपर्नेमा सबैको साझा मत छ। साथै, समुदायमा आधारित जोखिम न्यूनीकरण प्रवद्र्धन, वातावरणमैत्री पूर्वाधार, तीनै तहका सरकार र विकास साझेदारसहितको समन्वयमा विपद् जोखिम शासकीय प्रणालीको सुदृढीकरण तथा विपद् उत्थानशीलता अभिवृद्धि गर्न विपद् जोखिम बिमा, जोखिम हिस्सेदारीलगायत सुरक्षा अभ्यास अवलम्बन गर्नुपर्ने विज्ञहरुको सुझाव छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

जिराभवानीमा समावेशी शिक्षाको समीक्षा:

पाँच बालिकाका गुनासा सम्बोधनपछि विद्यालय आउन थाले



मधेशदृष्टि
वीरगंज।
पर्साको जिराभवानी गाउँपालिकामा समावेशी शिक्षा प्रवद्र्धनका लागि सञ्चालित परियोजनाबाट सकारात्मक उपलब्धि हासिल भएको जनाइएको छ । विद्यालयमा राखिएका गुनासो पेटिकामार्फत पाँच जना बालिकाले आफ्ना समस्या राखेपछि ती गुनासाको समयमै सम्बोधन गरिएको र त्यसपछि उनीहरू नियमित रूपमा विद्यालय आउन थालेको जानकारी दिइएको छ।
शुक्रबार आयोजित समावेशी शिक्षा तथा परियोजनाबाट प्राप्त उपलब्धिको समीक्षा र सिकाइ आदानप्रदान कार्यक्रममा परियोजनाका उपलब्धि, कार्यान्वयनका क्रममा देखिएका चुनौती तथा आगामी कार्ययोजनाबारे छलफल गरिएको थियो । युरोपियन युनियनको आर्थिक सहयोगमा पिपुल इन निड, अकाउन्टेबिलिटी ल्याब नेपाल, नेसनल क्याम्पेन फर एजुकेसन नेपाल (एनसीई नेपाल) र दिव्य विकास स्रोत केन्द्र, पर्साको संयुक्त साझेदारीमा सञ्चालित पहुँच परियोजनाअन्तर्गत कार्यक्रम आयोजना गरिएको हो।
दिव्य विकास स्रोत केन्द्र, पर्साका कार्यकारी निर्देशक रामाकान्त प्रसाद कुर्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास शाखाका प्रमुख तथा प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक र विभिन्न संघसंस्थाका प्रतिनिधिसहित ४२ जनाको सहभागिता थियो।
परियोजनाको तीनमहिने अवधिमा शिक्षकहरूको क्षमता अभिवृद्धि, समावेशी शिक्षासम्बन्धी ज्ञान र अभ्यासमा सुधार तथा विद्यार्थीको कल्याण र डिजिटल सुरक्षाबारे सचेतना बढाउने काम भएको कार्यक्रममा जानकारी गराइएको थियो । शिक्षकहरू बालमैत्री, सुरक्षित र समावेशी सिकाइ वातावरण निर्माण गर्न थप सचेत बनेका छन् भने विद्यार्थीका विविध आवश्यकता पहिचान गरी उनीहरूको सक्रिय सहभागिता बढाउने अभ्यासमा सुधार आएको जनाइएको छ।
परियोजनाअन्तर्गत तीनवटा विद्यालयले डिजिटल सुरक्षा तथा कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी कार्ययोजना तयार गरेका छन्।
ती विद्यालयमा विद्यार्थीलाई डिजिटल प्रविधिको सुरक्षित र जिम्मेवार प्रयोगबारे जानकारी दिन नियमित कक्षा सञ्चालन भइरहेको छ । यसबाट विद्यार्थीलाई अनलाइन जोखिम र सम्भावित साइबर दुव्र्यवहारबारे सचेत गराउन सहयोग पुगेको बताइएको छ।
त्यसैगरी, तीनवटा विद्यालयमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरिएको छ।
विद्यालयमा गुनासो सुनुवाइ समितिसमेत पुनर्गठन गरी समस्या सम्बोधन गर्ने संयन्त्र स्थापना गरिएको छ । गुनासो पेटिकामा प्राप्त पाँच बालिकाका समस्या समयमै सम्बोधन भएपछि उनीहरू नियमित विद्यालय आउन थालेको उपलब्धिलाई परियोजनाको महत्वपूर्ण प्रगतिका रूपमा प्रस्तुत गरिएको थियो।
समावेशी विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउन तीनवटा विद्यालयका प्रतिनिधिलाई अनुशिक्षणसमेत प्रदान गरिएको छ । अनुशिक्षणपछि सम्बन्धित विद्यालयले सुधार योजना निर्माण तथा कार्यान्वयनको प्रक्रिया अघि बढाएका छन्।
यद्यपि, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक–अभिभावक संघ गठन नभएका विद्यालयमा बालिका तथा समावेशी शिक्षा सञ्जाल र गुनासो सुनुवाइ समितिको गठन तथा सञ्चालनमा कठिनाइ देखिएको कार्यक्रममा औंल्याइएको थियो । यस्ता संयन्त्रको महत्व, भूमिका र जिम्मेवारीबारे शिक्षक, अभिभावक, विद्यार्थी तथा विद्यालय व्यवस्थापनका पदाधिकारीलाई थप सचेत बनाउनुपर्ने आवश्यकता सहभागीहरूले औंल्याएका थिए।
गुनासो सुनुवाइ प्रणालीलाई नियमित र प्रभावकारी बनाउन आवश्यक स्रोतसाधन, अनुगमन तथा सम्बन्धित निकायबीच समन्वय हुनुपर्नेमा पनि जोड दिइएको थियो । विद्यालय सुधार योजनामा समावेशी शिक्षासँगै जलवायु न्याय, विपद् जोखिम न्यूनीकरण तथा विपद्पछिको प्रतिकार्यका विषयलाई पर्याप्त रूपमा समेट्नुपर्ने सुझावसमेत दिइएको थियो।
कार्यक्रममा सहभागी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूले पहिचान भएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।
विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन तथा सबै बालबालिकालाई समान शैक्षिक अवसर उपलब्ध गराउन स्थानीय तह, विद्यालय, अभिभावक र समुदायबीच सहकार्यलाई निरन्तरता दिने उनीहरूले बताएका थिए।
कार्यक्रमको सहजीकरण नेसनल क्याम्पेन फर एजुकेसन नेपालका केन्द्रीय उपाध्यक्ष राम प्रवेशले गरेका थिए । अकाउन्टेबिलिटी ल्याब नेपालका प्रतिनिधि अकलेश कुमार साह र दिव्य विकास स्रोत केन्द्रका अमित कुमार राउतले समन्वय तथा व्यवस्थापनमा सहयोग गरेका थिए।
आर्थिक, सामाजिक, लैङ्गिक वा अन्य कुनै कारणले बालबालिका शिक्षाबाट वञ्चित हुन नहुनेमा जोड दिँदै कार्यक्रममा समावेशी शिक्षा प्रत्येक बालबालिकाको अधिकार भएको उल्लेख गरिएको थियो । विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनुका साथै सबैका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु पहुँच परियोजनाको प्रमुख उद्देश्य रहेको जनाइएको छ।

लागूऔषध तस्करीको संगठित सञ्जाल भत्काउने प्रनि मल्ल 'उत्कृष्ट अनुसन्धानकर्ता'बाट सम्मानित



मधेशदृष्टि
सिरहा।
लागूऔषध तस्करीको संगठित सञ्जाल पहिचानदेखि जोखिमपूर्ण कारबाहीको नेतृत्वसम्म महत्वपूर्ण भूमिका निर्वाह गरेका प्रहरी निरीक्षक विशाल मल्ल सम्मानित भएका छन् । ७१औँ प्रहरी दिवस–२०८३ को अवसरमा उनलाई 'उत्कृष्ट लागूऔषध अनुसन्धानकर्ता' का रूपमा सम्मान गरिएको हो।
नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मल्ललाई सम्मान गरेका हुन्। लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिन साहसिक नेतृत्व प्रदर्शन गर्नु, जटिल घटनाको अनुसन्धान गर्नु र तस्करीको संगठित सञ्जालसम्म पुग्न सफल हुनुलाई उनको उपलब्धिका रूपमा सम्मानपत्रमा उल्लेख गरिएको छ।
सम्मानपत्रअनुसार, लागूऔषध कारोबारीलाई नियन्त्रणमा लिने क्रममा हतियारसहितका व्यक्तिहरूसँग दुई पटक दोहोरो झडप भएको अवस्थामा समेत मल्लले आफ्नो कमान्डमा रहेको प्रहरी टोलीलाई सुरक्षित राख्दै अभियुक्तहरूलाई नियन्त्रणमा लिन सफल भएका थिए । जोखिमपूर्ण परिस्थितिमा देखाएको नेतृत्व र कार्यदक्षतालाई उनको योगदानका रूपमा मूल्यांकन गरिएको छ।
मल्लको अनुसन्धानको अर्को महत्वपूर्ण उपलब्धि भारतबाट बालबालिकाको प्रयोग गरी नेपालमा लागूऔषध पठाउने संगठित सञ्जालको पहिचान गर्नु हो । उक्त सञ्जालका मुख्य व्यक्तिसहित तीन जना भारतीय नागरिक पक्राउ पर्नुलाई लागूऔषध नियन्त्रण अभियानको महत्वपूर्ण सफलता मानिएको छ।
त्यसैगरी, सामान्य दुर्घटनासम्बन्धी घटनाबाट प्राप्त मोबाइल फोनको विश्लेषण र सम्बन्धित व्यक्तिहरूको बयानका आधारमा ठूलो लागूऔषध तस्करी सञ्जालसम्म पुग्न सफल भएको विषय पनि सम्मानपत्रमा समेटिएको छ । सामान्य देखिने घटनाबाट गहिरो अनुसन्धान गर्दै संगठित अपराधको जालो पहिचान गर्न सक्नु उनको अनुसन्धान क्षमताको उदाहरणका रूपमा प्रस्तुत गरिएको छ।
लागूऔषध कारोबार नियन्त्रण, संगठित सञ्जालको पहिचान र जोखिमपूर्ण प्रहरी कारबाहीमा पुर्‍याएको योगदानको कदर गर्दै मल्ललाई प्रदान गरिएको सम्मानले अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीको व्यावसायिक दक्षता र नेतृत्व क्षमताको महत्त्वसमेत उजागर गरेको छ।

दशैंमा राजदेवी र राम मन्दिर क्षेत्रमा नि:शुल्क वाइफाइ

मधेशदृष्टि
जनकपुरधाम।
दशैंमा जनकपुरधामस्थित माता राजदेवी मन्दिर र राम मन्दिर परिसरमा आउने श्रद्धालु भक्तजनको सहजताका लागि डिश मिडिया नेटवर्क लिमिटेडले नि:शुल्क वाइफाइ सेवा जडान गरेको छ।
विजयदशमीको अवसरमा नेपाल तथा भारतका विभिन्न स्थानबाट लाखौँ श्रद्धालु भक्तजन जनकपुरधाम आउने गर्छन् । मन्दिर परिसरमा एकैपटक ठूलो संख्यामा भक्तजनको उपस्थिति हुँदा मोबाइल नेटवर्क व्यस्त भई सञ्चार सम्पर्कमा समस्या हुने गरेको छ । यसलाई ध्यानमा राख्दै डिश मिडिया नेटवर्कले दुवै मन्दिर परिसर आसपास नि:शुल्क वाइफाइ सेवा सञ्चालनमा ल्याएको हो।
डिशहोमका जनकपुर जोन इन्चार्ज निरञ्जनकुमार साहले उक्त जानकारी दिएका हुन् । उनका अनुसार दशैंका बेला मन्दिरमा आउने श्रद्धालु भक्तजनलाई सञ्चार सुविधामा सहजता प्रदान गर्ने उद्देश्यले वाइफाइ सेवा जडान गरिएको हो।
त्यसैगरी, दशैं मेला व्यवस्थापन तथा शान्ति सुरक्षासम्बन्धी कार्यलाई सहज बनाउन महावीर युवा कमिटीको कार्यालयमा समेत उच्च गतिको इन्टरनेट जडान गरिएको छ।
यसबाट कमिटीलाई मेला व्यवस्थापन, आवश्यक समन्वय तथा सञ्चार सम्पर्कमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।
सामाजिक उत्तरदायित्वअन्तर्गत डिश मिडिया नेटवर्कले गरेको यस सहयोगले दशैंका बेला जनकपुरधाम आउने श्रद्धालु भक्तजन तथा मेला व्यवस्थापनमा संलग्न व्यक्तिहरूलाई सुविधा पुग्ने विश्वास गरिएको छ।

प्रहरी सेवामा अझै बिचौलियाको समस्या स्वीकार्दै

एसएसपी मगर, नागरिकलाई सीधै सेवा दिनुपर्नेमा जोड

मधेशदृष्टि
वीरगंज।
मधेश प्रदेश प्रहरी कार्यालय वीरगंजका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) कृष्णपल्ली मगरले नागरिकले प्रहरीबाट सहज रूपमा सेवा लिन अझै बिचौलियाको सहारा लिनुपर्ने अवस्था पूर्णरूपमा अन्त्य हुन नसकेको स्वीकार गरेका छन् । प्रहरी सेवा निष्पक्ष, पारदर्शी र नागरिकमैत्री हुनुपर्नेमा जोड दिँदै उनले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने बताएका छन् । ७१औँ प्रहरी दिवसका अवसरमा शुक्रबार बिहान वीरगञ्जस्थित प्रदेश प्रहरी कार्यालय परिसरमा आयोजित कार्यक्रममा बोल्दै एसएसपी मगरले प्रहरी सेवामा कुनै पनि नागरिकमाथि भेदभाव हुन नहुने स्पष्ट पारे । 'सबैलाई गर्ने व्यवहार समान हुनुपर्छ, सेवामा भेदभाव हुनु हुँदैन,' उनले भने । प्रहरी कार्यालयमा पुगेर आफ्नो समस्या राख्न वा सेवा लिन नागरिकले अरू कसैको सहयोग खोज्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उनको भनाइ थियो । पीडितले बिचौलियाको सहारा नलिई प्रहरीसमक्ष प्रत्यक्ष पुगेर आफ्ना समस्या राख्न र न्यायका लागि पहल गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने उनले बताए।
प्रहरी संगठनको जिम्मेवारी नागरिकलाई सेवा दिनु मात्रै नभई उक्त सेवा सबैका लागि सहज र समान रूपमा उपलब्ध गराउनु पनि रहेको उनको भनाइ थियो । नागरिकले प्रहरी कार्यालयमा सहज पहुँच पाउने, आफ्ना गुनासा निर्भीक रूपमा राख्न सक्ने र निष्पक्ष रूपमा सुनुवाइ हुने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए।
प्रहरी दिवसका अवसरमा प्रदेश प्रहरी प्रमुख मगरले व्यक्त गरेको धारणाले प्रहरी सेवा प्रवाहमा नागरिकको सहज पहुँच र बिचौलियामुक्त प्रणाली निर्माणको चुनौतीलाई पुनः चर्चामा ल्याएको छ।
प्रहरी कार्यालयबाट सेवा लिन कुनै मध्यस्थकर्ताको भर पर्नुपर्ने अवस्था हटाउनु संगठनको सेवा सुधारसँग जोडिएको महत्वपूर्ण विषय हो।
जिल्ला प्रहरी कार्यालय पर्साको आयोजनामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल, पर्साका प्रहरी उपरीक्षक पवन भट्टराईसहित नागरिक समाजका प्रतिनिधि, उद्योगी–व्यवसायी तथा पूर्वप्रहरीहरूको सहभागिता थियो।
प्रहरी दिवसमा संगठनले देश र नागरिकका लागि पुर्‍याएको योगदानको स्मरण गर्नुका साथै प्रहरीको जिम्मेवारी, सेवा प्रवाह र नागरिकसँगको सम्बन्धलाई थप प्रभावकारी बनाउने विषयमा चर्चा गरिएको थियो।



गंगासागर छठ पूजा समितिका नवनिर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान

मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधामस्थित प्रसिद्ध गंगासागर छठ पूजा समितिका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई प्रमाणपत्र प्रदान गरिएको छ। समितिको कार्यालयमा आयोजित कार्यक्रममा निर्वाचन अधिकृत दिनेश शर्माले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई प्रमाणपत्र हस्तान्तरण गरेका हुन्।



प्रमाणपत्र प्राप्त गर्नेमा समितिका नवनिर्वाचित अध्यक्ष सतीश कुमार कर्ण, उपाध्यक्ष रामचन्द्र पंजियार, सचिव मोहन राय र सहसचिव महेश मण्डल खतवे रहेका छन्। त्यस्तै, सदस्यहरू बसन्त वाग्ले, केशव शर्मा र महेन्द्र खतवेले पनि प्रमाणपत्र प्राप्त गरेका छन्।
कार्यक्रममा समितिका निवर्तमान अध्यक्ष हरि नारायण गुप्ताले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई अबिर लगाएर र माला पहिर्‍याउँदै बधाई दिएका थिए । उनले नयाँ नेतृत्वको सफल कार्यकालको कामना गर्दै समितिको जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न शुभकामना व्यक्त गरे।
कार्यक्रममा गंगासागर छठ पूजा समितिका पूर्वपदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो । नवनिर्वाचित नेतृत्वलाई प्रमाणपत्र प्रदान गरिएसँगै समितिको आगामी कार्यकालका लागि जिम्मेवारी सम्हाल्ने प्रक्रिया अघि बढेको छ।

कांग्रेसको १५औँ...

चौरसियाले सहमहामन्त्रीको मधेसी समूहबाट जित हासिल गरेका छन् । कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्रीसमेत रहेका चौरसियाको विजयसँगै पर्साले पार्टीको केन्द्रीय पदाधिकारीमा प्रतिनिधित्व पाएको छ।
यता, सहमहामन्त्रीको थारु कोटाबाट उम्मेदवारी दिएका सुरेन्द्र प्रसाद चौधरी भने पराजित भएका छन् । उनी पनि यसअघि विशेष महाधिवेशनबाट कांग्रेसको केन्द्रीय सदस्य बनेका थिए। महाधिवेशनको नतिजासँगै पर्साबाट रुंगटा, साह, क्षेत्री र खातुन केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् भने चौरसिया सहमहामन्त्री बनेका छन्।
यसरी जिल्लाले केन्द्रीय कार्यसमितिमा पाँच जना प्रतिनिधि पाउँदा दुई उम्मेदवारले भने पराजय बेहोरेका छन् । पर्साका नेताहरूको यो नतिजाले कांग्रेसको केन्द्रीय नेतृत्वमा जिल्लाको प्रतिनिधित्व पाँच जनामा पुगेको छ।

वीरगंज–पथलैया औद्योगिक...

राजन पौडेलले श्रमिकका समस्या सम्बोधन गर्न स्थानीय सरकारको भूमिका प्रभावकारी बनाउनुपर्ने बताए । श्रमिकले पाउनुपर्ने सेवा–सुविधा सुनिश्चित गर्न स्थानीय तहले आवश्यक पहल र समन्वय गर्नुपर्ने उनको भनाइ थियो।
कार्यक्रममा श्रमिक प्रेम चौधरीले नियुक्तिपत्र माग्दा कामबाट हटाइने गरेको आरोप लगाए । आफ्नो अधिकार मागेकै कारण रोजगारी गुमाउनुपर्ने अवस्था अन्त्य हुनुपर्ने उल्लेख गर्दै उनले श्रमिकले निर्भीक रूपमा श्रम अधिकारका विषयमा आवाज उठाउन सक्ने वातावरण बनाउनुपर्ने बताए।
ट्रेड युनियनका प्रतिनिधिहरूले श्रमिकबीच हुने विभेद अन्त्य गरी समान सेवा–सुविधा उपलब्ध गराउनुपर्ने माग गरे । उनीहरूले श्रमिकलाई संगठन खोल्ने अधिकार, सामाजिक सुरक्षा र सुरक्षित कार्यस्थलको प्रत्याभूति दिलाउन सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले उद्योगी र श्रमिकबीच देखिने विवाद तथा समस्या संवाद, समन्वय र वार्तामार्फत समाधान गर्नुपर्ने बताए । उद्योगको हितसँगै श्रमिकका अधिकारलाई पनि प्राथमिकता दिएर आपसी समझदारी कायम गर्नुपर्ने उनको धारणा थियो।
अन्तरक्रियामा श्रम ऐनको कार्यान्वयन, न्यूनतम पारिश्रमिक, नियुक्तिपत्रको व्यवस्था, सामाजिक सुरक्षा तथा श्रमिकको हकहित संरक्षणलगायत विषयमा छलफल भएको थियो । कार्यक्रममा उपप्रमुख भोला प्रसाद अधिकारी, अखिल नेपाल औद्योगिक मजदुर संघका केन्द्रीय अध्यक्ष बेनीप्रसाद तिमल्सिनासहित विभिन्न ट्रेड युनियनका प्रतिनिधि तथा औद्योगिक क्षेत्रका श्रमिकहरूको सहभागिता थियो।
ठूलो संख्यामा श्रमिक कार्यरत रहेको वीरगंज–पथलैया औद्योगिक करिडोरमा आधारभूत श्रम अधिकार र सेवा–सुविधाको विषय उठिरहँदा कार्यक्रममा सहभागीहरूले कानुनमा व्यवस्था भएका अधिकार व्यवहारमै कार्यान्वयन हुनुपर्ने माग गरेका छन् । श्रमिकको अधिकार सुनिश्चित गर्न स्थानीय तह, उद्योगी र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय तथा नियमित अनुगमन आवश्यक रहेको उनीहरूको निष्कर्ष थियो।

चाडपर्वमा चिनी अभाव हुन...

काठमाडौं उपत्यकामा प्रतिकिलो १०९ रुपैयाँ र उपत्यकाबाहिर ११० रुपैयाँमा बिक्री गर्दै आएको छ । उपभोक्ताले सहज रूपमा चिनी प्राप्त गर्न सकून् भन्ने उद्देश्यले खुद्रा पसल, डिलर, सहकारी तथा साझेदार संस्थामार्फत बिक्री वितरणको व्यवस्था मिलाइएको कम्पनीले जनाएको छ। यसैबीच, कम्पनीले गत साउन २८ गतेदेखि देशका ४४ जिल्लाका १९३ स्थानमा सहुलियत पसल सञ्चालन गरिरहेको छ । ती पसलबाट विभिन्न खाद्यवस्तुमा छुट उपलब्ध गराइँदै आए पनि चिनीमा दिइँदै आएको छुट भने हाललाई बन्द गरिएको सूचना अधिकारी मिश्रले जानकारी दिएका छन्।
चाडपर्व नजिकिँदै गर्दा चिनीको माग बढ्ने सम्भावनालाई ध्यानमा राखेर कम्पनीले थप आपूर्तिको विकल्प खुला राखेको छ । आवश्यकताअनुसार थप चिनी ल्याएर बजारमा उपलब्ध गराइने कम्पनीको भनाइ छ । मौज्दात व्यवस्थापन र वितरण प्रणालीलाई प्रभावकारी बनाउन सके चाडपर्वमा उपभोक्ताले चिनीको अभाव झेल्नुपर्ने अवस्था रोक्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मुख्य न्यायाधीवक्ताद्वारा...

२०७५ को दफा १३ मा भएको व्यवस्थाबमोजिम प्रतिवेदन पेस गरिएको हो।
प्रतिवेदनमा गत आर्थिक वर्षमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादन भएका कामकारबाही समेटिएका छन् । यद्यपि, प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा प्रतिवेदनका मुख्य विषय तथा उपलब्धिको विस्तृत विवरण खुलाइएको छैन।
मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकारलाई कानुनी राय तथा परामर्श प्रदान गर्नुका साथै प्रदेश सरकारका तर्फबाट विभिन्न अदालत तथा कानुनी प्रक्रियामा प्रतिनिधित्व गर्ने जिम्मेवारी निर्वाह गर्दै आएको छ।
वार्षिक प्रतिवेदन पेस गर्नु कार्यालयका कामकारबाहीको विवरण कानुनी व्यवस्थाअनुसार औपचारिक रूपमा प्रस्तुत गर्ने प्रक्रियाको हिस्सा हो।

आज फूलपाती, बडादशैँ रौनक सुरु



मधेशदृष्टि
वीरगंज।
नेपाली समाजमा बडो उल्लासपूर्वक मनाइने महान् पर्व बडा दसैँको सातौँ दिन आश्विनशुक्ल सप्तमी तिथि अर्थात् आज फूलपाती । आज ज्ञानशक्ति स्वरुपा माता सरस्वतीको पूजाआजा गरिन्छ । संसारमा रहेको अज्ञानता नाश गरी ज्ञानको माध्यमबाट सत्यस्थपना गर्न देवी भवानीले सरस्वतीको रुप लिएको यस दिनमा माता महासरस्वतीको पूजाआजा गरिन्छ।
महासरस्वतीको अनुकम्पाले साधकलाई साधनाका क्रममा आइपर्ने भ्रम, अपस्मरणबाट मुक्तिको निर्बाध मार्ग मिल्छ । सत्यको जानकारी नभई लौकिक लाभमा मस्त भएका मानिसलाई मन्त्रशक्ति, जपशक्ति, पाठशक्ति संगीतशक्तिको माध्यमबाट जीवनमुक्त बनाउन माता महासरस्वतीले शक्ति प्रदान गर्ने भएकाले उनलाई महासरस्वतीका रुपमा पूजा गरिन्छ।
वसन्तपञ्चमीमा माता सरस्वतीका साधकहरुबाट पूजाआजा गरिन्छ भने शारदीय सप्तमीमा शक्तिउपाशकहरुबाट महासरस्वतीको आराधना गरिन्छ । सेता फूलपाती प्रयोग गरेर सरस्वतीका स्तोत्र शुद्धसँग सारस्वत खुल्ने उच्चारण गरी देवीभगवती महासरस्वतीको पूजाआराधना गरिन्छ।
बिहान महासरस्वतीको पूजा गरेपछि यस दिन साँझ कोटहरुमा फूलपाती भित्र्याउने चलन छ । देवी मन्दिर नजिकै स्थापना गरिएको चण्डिथानबाट वा वनदुर्गाबाट कोट वा दसैँघरमा केरा, उखुको बोट, दारिम, अदुवा, हलेदो, कर्चुर, मानेको बोट, बेलपत्र, धानका बाला, जयन्ती, अशोकका पात लगायत नौ प्रकारका शुभवनस्पतिका पल्लवपालुवा तथा प्राकृतिक फलफूलको पूजा गरी देवीमन्दिरमा फूलपाती भित्र्याइन्छ । देशका डाँडाकाडा, थुम देउराली, कोटघर नजिकै रहेका चण्डीथान, देउराली, वनखण्ड तथा तोकिएका गुठियारका घरबाट फूलपाती मूलमन्दिरमा लैजाने चलन छ । साथै घरघरमा स्थापित देवीआराधनाको कोठामा पनि फूलपाती भित्र्याउने गरिन्छ।
परम्परा अनुसार यस दिन गोर्खा दरबारबाट ल्याइएको फूलपाती राजधानी काठमाडौको दसैँघरमा भित्र्याउने चलन छ । गोर्खाबाट ६ जना मगर पुजारीले धादिङ हुँदै बोकी ल्याएको फूलपाती काठमाडौको टुँडिखेलमा नेपाली सेनाले हर्ष बढाइँका साथ स्वागत गरेपछि विधिपूर्वक पुजारीहरुले दसैँघरमा भित्रयाउँछन्।
यसै गरी नुवाकोट दरबारबाट ल्याइएको फूलपाती पनि क्षेत्रपाटी भुँडेगणेशस्थानबाट गुरुज्यूको पल्टनले हनुमानढोका दसैँघरमा ल्याएर भित्र्याउने चलन छ । फूलपाती भित्र्याएपछि दसैँको रौनक तीव्र हुन्छ । यस दिनदेखि टीकाका दिनसम्म सार्वजनिक बिदा दिइन्छ । दसैँ मनाउन काठमाडौँबाट गाउँघरतिर जान धुइरो लागेर लाखौँ मानिस काठमाडौँ सहर बाहिर निस्कन्छन्।
दसैँ पर्व राम्रो लगाउने र मीठो खाने चाड भएकाले सर्वसाधारणले आफ्नो कमाइको ठूलै अंश खाद्यपदार्थ, लुगाफाटो गरगहना किन्न खर्चन्छन् । यसले गर्दा बजारमा विशेष चहलपहल हुन्छ । बजारमा ठूलो आर्थिक गतिविधि भएको देखिन्छ । तर सप्तमीदेखि भने देशका शहरी क्षेत्रमा मानवीय चाप घट्न थाल्छ र सडक पनि सुनसान हुनथाल्छन्।
यसअघि नवरात्रको छैटौँ दिन कात्यायनी देवीको पूजार्चना गरिएको छ । यसदिन दसैँघरमा दुर्गा सप्तशती, देवीभागवतलगायत पाठ गरिन्छ । नवरात्रमा अवसरमा देवीको आराधना गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ।
दुर्गा पक्षसमेत भनिने दसैँको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्रि, आठौँ दिन महागौरी र नवौँ दिन सिद्धिदात्रीको पूजा गरिन्छ । बडादशैँको शुभकामना।

वीरगंज मेनरोड विस्तारको ठेक्का आह्वान,

दुई खण्डका लागि ११.५० करोडको बोलपत्र जमानत

मधेशदृष्टि
वीरगंज।
लामो समयदेखि चर्चामा रहेको वीरगञ्जको मुख्य सडक (मेनरोड) विस्तार तथा स्तरोन्नतिका लागि ठेक्का प्रक्रिया अघि बढेको छ।
सडक डिभिजन कार्यालय हेटौँडाले मितेरी पुलदेखि गण्डक चोकसम्मको ८.०५४ किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरी निर्माणका लागि बोलपत्र आह्वान गरेको हो । त्रिभुवन राजपथअन्तर्गत पर्ने वीरगञ्जको प्रमुख सडक सुधारका लागि पहिलो चरणमा मितेरी पुलदेखि घण्टाघरसम्म र दोस्रो चरणमा घण्टाघरदेखि गण्डक चोकसम्मको सडक स्तरोन्नति गर्ने योजना अघि सारिएको छ । दुवै खण्डको ठेक्का प्रक्रिया सुरु भएसँगै लामो समयदेखि प्रतीक्षामा रहेको सडक सुधारको काम अघि बढ्ने अपेक्षा गरिएको छ।
सडक डिभिजन कार्यालयले सार्वजनिक गरेको सूचनाअनुसार पहिलो खण्डमा मितेरी पुलदेखि घण्टाघरसम्मको शून्यदेखि चार किलोमिटर सडक समेटिएको छ । यस खण्डका लागि ठेक्का नम्बर



रकम ६ करोड रुपैयाँ तोकिएको छ भने बोलपत्र दस्तुर २० हजार रुपैयाँ कायम गरिएको छ । त्यसैगरी, दोस्रो खण्डमा घण्टाघरदेखि गण्डक चोकसम्मको चार किलोमिटरदेखि ८.०५४ किलोमिटरसम्मको सडक निर्माण तथा स्तरोन्नति गरिनेछ । यसका लागि TRP/RDHTD/33701130/083/84-27



TRP/RDHTD/33701130/083/84-26 निर्धारण गरिएको छ । यसको बोलपत्र जमानत नम्बरको ठेक्का आह्वान गरिएको छ । दोस्रो खण्डको बोलपत्र जमानत रकम पाँच करोड ५० लाख रुपैयाँ र दस्तुर २० हजार रुपैयाँ निर्धारण गरिएको छ । दुवै खण्डका लागि मात्रै बोलपत्र जमानतबापत कुल ११ करोड ५० लाख रुपैयाँ आवश्यक पर्नेछ । तर, सडक विस्तार तथा स्तरोन्नति आयोजनाको कुल अनुमानित लागत भने प्रकाशित सूचनामा उल्लेख गरिएको छैन ।
इच्छुक तथा योग्य निर्माण व्यवसायीले २०८३ कात्तिक २० गते दिउँसो १२ बजेसम्म बोलपत्र पेस गर्न सक्नेछन् । सोही दिन दिउँसो १ बजे बोलपत्र खोलिनेछ । यसअघि कात्तिक ९ गते बिहान ११ बजे बोलपत्रपूर्व बैठक आयोजना गर्ने समय निर्धारण गरिएको छ ।
वीरगंजको प्रमुख व्यापारिक तथा यातायात मार्गका रूपमा रहेको मेनरोड साँघुरो सडक, बढ्दो सवारी चाप र ट्राफिक व्यवस्थापनका कारण महत्वपूर्ण पूर्वाधारका रूपमा रहँदै आएको छ ।
सडक विस्तार तथा स्तरोन्नतिको काम सम्पन्न भए सवारी आवागमन सहज बनाउनुका साथै यातायात व्यवस्थापनमा सुधार आउने अपेक्षा गरिएको छ ।
यद्यपि, बोलपत्र आह्वान हुनु निर्माण सम्पन्न हुने सुनिश्चितता होइन । अब निर्माण व्यवसायी छनोट, ठेक्का सम्झौता र कार्यादेश जारी गर्ने प्रक्रिया कति छिटो अघि बढ्छ भन्नेले आयोजनाको वास्तविक गति निर्धारण गर्नेछ । ठेक्का प्रक्रिया सुरु भए पनि निर्माण कार्य कहिलेदेखि मैदानमा देखिन्छ भन्ने विषयमा वीरगंजवासीको चासो कायम छ ।

चाडपर्वमा चिनी अभाव हुन नदिन
सरकारको तयारी, २२ हजार क्विन्टल मौज्दात



मधेशदृष्टि
काठमाडौँ।
दसैँ, तिहारलगायतका चाडपर्वमा चिनीको अभाव हुन नदिन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले मौज्दात व्यवस्थापनसँगै थप आपूर्तिको तयारी गरेको छ । कम्पनीसँग हाल करिब २२ हजार क्विन्टल चिनी मौज्दात रहेको छ भने माग बढेमा थप चिनी आयात गरिने जनाएको छ।
कम्पनीका सूचना अधिकारी माधव मिश्रका अनुसार सरकारले उपलब्ध गराउने २५ हजार क्विन्टल चिनीमध्ये १० हजार क्विन्टल प्राप्त भइसकेको छ । बाँकी १५ हजार क्विन्टल पनि बजारको मागअनुसार ल्याउने तयारी भइरहेको छ । चाडपर्वका बेला उपभोग बढ्ने भएकाले आपूर्ति प्रभावित हुन नदिन कम्पनीले मौज्दात र वितरण व्यवस्थालाई प्राथमिकता दिएको हो।
कम्पनीले हाल सरकारी चिनी
बाँकी पृष्ठ ३ मा

चाडपर्वमा बासी र अस्वच्छ खाना बिक्री गरे कारबाही,

होटल तथा मिठाइ पसललाई विभागको चेतावनी

मधेशदृष्टि
काठमाडौँ।
दसैँ, तिहार र छठलाई लक्षित गर्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले होटल, रेस्टुरेन्ट, मिठाइ पसल तथा भोजनालयलाई खाद्य स्वच्छता र गुणस्तरमा कुनै सम्झौता नगर्न निर्देशन दिएको छ । विशेषगरी राजमार्गमा यात्रुलाई खाना, खाजा र नास्ता बिक्री गर्ने व्यवसायीलाई लक्षित गर्दै विभागले बासी, सडेगलेका तथा अस्वच्छ अवस्थामा तयार पारिएका खाद्य पदार्थ बिक्री नगर्न चेतावनी दिएको हो।
विभागले बिहीबार सूचना जारी गर्दै उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको बिक्री वितरण रोक्न व्यवसायीलाई सचेत गराएको छ । चाडपर्वका बेला यात्रुको चाप र खाद्य पदार्थको खपत बढ्ने भएकाले होटल तथा भोजनालयमा स्वच्छता कायम गर्नुपर्नेमा विभागले जोड दिएको छ।
निर्देशनअनुसार व्यवसायीले उपभोग्य अवधि बाँकी रहेका खाद्य



पदार्थ मात्रै बिक्री गर्नुपर्नेछ । पकाएको र नपकाएको खाना छुट्टाछुट्टै राख्ने, खाद्य पदार्थलाई सुरक्षित तापक्रममा भण्डारण गर्ने तथा भान्सा, खाना वितरण गर्ने स्थान र व्यवसाय परिसर सफा राख्नुपर्नेछ । साथै, कामदारको व्यक्तिगत सरसफाइमा ध्यान दिनुका साथै स्वच्छ पानी र सफा भाँडाकुँडा प्रयोग गर्न पनि विभागले भनेको छ।
खाद्य पदार्थ तयार गर्दा गुणस्तरीय कच्चा सामग्री प्रयोग गर्न र खाना राम्ररी पकाएर मात्रै उपभोक्तालाई उपलब्ध गराउन विभागले निर्देशन दिएको छ । झिँगा भन्केका, धुलो तथा फोहोर पानीको सम्पर्कमा आएका वा अस्वच्छ अवस्थामा तयार गरिएका खाद्य पदार्थ बिक्री गर्न पाइने छैन । बिक्रीस्थलमा खाद्य पदार्थको प्रकृतिअनुसार चिसो वा तातो तापक्रम कायम गर्न तथा उचित मूल्यमा बिक्री वितरण गर्नसमेत व्यवसायीलाई सचेत गराइएको छ।
विभागले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ का प्रावधान पालना गर्न आग्रह गर्दै निर्देशन उल्लङ्घन गर्ने व्यवसायीमाथि प्रचलित कानुनअनुसार कारबाही गरिने जनाएको छ । यससँगै विभाग वा मातहतका कार्यालयबाट खाद्य स्वच्छताका आधारमा व्यवसायको स्तरीकरण गराई 'खाद्य स्वच्छता लोगो' लिएर व्यवसाय सञ्चालन गर्न पनि आग्रह गरिएको छ।
चाडपर्वको समयमा यात्रु तथा उपभोक्ताको चाप बढ्दा खाद्य पदार्थको स्वच्छतामा लापरबाही हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै विभागले व्यवसायीलाई जिम्मेवार बन्न सचेत गराएको हो।
खाद्य पदार्थको गुणस्तर र सरसफाइमा लापरबाही भए उपभोक्ताको स्वास्थ्य जोखिममा पर्ने भएकाले निर्धारित मापदण्ड पालना गर्नु व्यवसायीको दायित्व हुने विभागको निर्देशनले स्पष्ट पारेको छ।

कांग्रेसको १५औँ महाधिवेशन:

पर्साका पाँच नेता केन्द्रीय कार्यसमितिमा, चौधरी र कुर्मी पराजित



मधेशदृष्टि
वीरगंज।
नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट पर्साका पाँच नेता केन्द्रीय कार्यसमितिमा पुगेका छन्। केन्द्रीय सदस्यमा चार जना निर्वाचित हुँदा सहमहामन्त्रीमा पर्साकै अजय चौरसिया विजयी भएका छन् । तर, सहमहामन्त्री पदमा उम्मेदवारी दिएका सुरेन्द्र प्रसाद चौधरी र केन्द्रीय सदस्यका प्रत्याशी रामरुप प्रसाद कुर्मी भने पराजित भएका छन्।
केन्द्रीय सदस्यको मधेसी खुला समूहबाट पर्साका अनिल कुमार रुंगटा र अशर्फी साह निर्वाचित भएका छन् । सोही समूहमा प्रतिस्पर्धा गरेका रामरुप प्रसाद कुर्मीले भने सफलता हासिल गर्न सकेनन् । उनी यसअघि विशेष महाधिवेशनबाट कांग्रेसको केन्द्रीय सदस्य बनेका थिए।
त्यसैगरी, खस आर्य कोटाबाट नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्री केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्। मुस्लिम महिला कोटाबाट जमिला खातुन पनि केन्द्रीय कार्यसमितिमा पुग्न सफल भएकी छन् । पर्साका नेता अजय
बाँकी पृष्ठ ३ मा

वीरगंज–पथलैया औद्योगिक करिडोरका

श्रमिक नियुक्तिपत्र र सामाजिक सुरक्षाबाट वञ्चित
स्थानीय सरकारको भूमिका खोजियो

मधेशदृष्टि
जीतपुरसिमरा।
वीरगंज–पथलैया औद्योगिक करिडोरमा कार्यरत श्रमिकले न्यूनतम पारिश्रमिक, नियुक्तिपत्र र सामाजिक सुरक्षाजस्ता आधारभूत अधिकारसमेत नपाएको भन्दै श्रमिक अधिकार संरक्षणका लागि स्थानीय सरकारलाई थप जिम्मेवार बनाउनुपर्ने आवाज उठेको छ । श्रम कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा श्रमिकले आफ्ना हक–अधिकार माग्नसमेत कठिनाइ भोग्नुपरेको भन्दै सरोकारवालाले नियमन र अनुगमनलाई प्रभावकारी बनाउन माग गरेका छन् । इन्डस्ट्रियल नेपाल परिषद्ले जीतपुरसिमरा उपमहानगरपालिकाको सभाकक्षमा आयोजना गरेको शुभकामना आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले श्रमिकका समस्या समाधान गर्न स्थानीय तहलाई आवश्यक नियमनकारी अधिकार दिनुपर्नेमा जोड दिएका हुन् । उनीहरूले उद्योगमा कार्यरत श्रमिकले कानुनले तोकेका सेवा–सुविधा पाए–नपाएको सुनिश्चित गर्ने जिम्मेवारीबाट स्थानीय सरकार पन्छिन नहुने धारणा राखे । कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख



बाँकी पृष्ठ ३ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन